# हनुमाननगर कंकालिनी नगरपालिका

# आर्थिक ऐन, २०८०

हनुमाननगर कंकालिनी नगरपालिकाको मिति २०८०/६/२९ गते बाह्रौं नगर सभाबाट स्वीकृत आर्थिक ऐन, २०८० पाना थान १९ (उन्नाइस) प्रमाणित गर्दछु ।

**बिरेन्द्र माझी**
**नगर प्रमुख**

बिरेन्द्र माझी
नगर प्रमुख

हनुमाननगर कंकालिनी नगरपालिका

हनुमाननगर कंकालिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमाननगर, सप्तरी
मधेश प्रदेश, नेपाल

# हनुमाननगर कंकालिनी नगरपालिकाको आर्थिक ऐन, २०८०

## हनुमाननगर कंकालिनी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना:** हनुमाननगर कंकालिनी नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम हनुमाननगर कंकालिनी नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८०" रहेको छ।

(२) यो ऐन **हनुमाननगर कंकालिनी** नगरपालिका क्षेत्रमा राजपत्र प्रकाशित पश्चात तुरुन्त लागू हुनेछ।

२. **सम्पति कर:** नगरपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत)** नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल कर:** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय कर:** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन कर:** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन कर:** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

हनुमाननगर कंकालिनी नगरपालिकाको कार्यालय, हनुमाननगर, सप्तरी, मधेश प्रदेश, नेपाल

वीरेन्द्र माझी
नगर प्रमुख

९. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन, व्यवस्थापन र नगरपालिकाको स्थानीय पूर्वाधार उपभोग गरे बापत अनुसूची (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकिएको स्थानमा प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १२ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१४. **निकासी कर:** नगरपालिकाले नगर क्षेत्रबाट निकासी हुने कृषि तथा पशुजन्य निकासी करको आन्तरिक आय ठेक्का बन्दोबस्ती मार्फत निकासी कर संकलन तथा असुल गर्न सक्नेछ।

१५. **कर छुटः** यस नगरपालिका क्षेत्र भित्रका करदाताहरु प्रोत्साहन गर्न कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई बढीमा १० प्रतिशत हुने गरी नगर कार्यपालिकाबाट निर्णय गराई लागु गराउन सकिनेछ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ।

बिरेन्द्र मास्की
नगर प्रमुख

हनुमाननगर कङ्कालिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमाननगर, सप्तरी
प्रदेश, नेपाल
२०७३

## अनुसूची १
### दफा (२) सँग सम्बन्धित
### नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने सम्पति कर

| सि.नं. | शिर्षक/विवरण | करको दर |
|---|---|---|
| १ | १० लाख सम्मको | कर नलाग्ने |
| २ | १० लाखदेखि २० लाख सम्मको | रु. १५०/- |
| ३ | २० लाखदेखि ३० लाख सम्मको | ०.२५ प्रतिशत |
| ४ | ३० लाखदेखि ५० लाख सम्मको | ०.३५ प्रतिशत |
| ५ | ५० लाखदेखि १ करोड सम्मको | ०.५० प्रतिशत |
| ६ | १ करोड भन्दा माथि | १.५ प्रतिशत |

## अनुसूची २
### ऐनको दफा (३) सँग सम्बन्धित
### नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने मालपोत करको दर

| सि.नं. | शिर्षक | मालपोत करको दर |
|---|---|---|
| १ | मालपोत प्रति कठ्ठा | रु. १५/- |
| २ | मालपोत न्युनतम | रु. १५/- |
| ३ | मालपोत गत विगतका प्रति वर्ष वा न्युनतम (न.पा. घोषणा हुनु भन्दा अगाडी) | रु. १५/- |
| ४ | बिटौरी जग्गा (प्रति प्लोटको) | रु. १००/- |
| ५ | बिटौरी जग्गा दा.खा. दस्तुर | रु. ५००/- |
| ६ | बिटौरी जग्गा दा.खा. मुल्यांकन रकमको | ०.२५ प्रतिशत |

नोट: कोशी तटबन्ध देखि पुर्व रहेको जग्गा धनि प्रमाण पत्र पुर्जाको जग्गामा प्रति कठ्ठा रु. १/- का दरले मालपोत संकलन गरिनेछ।

क) घर जग्गा कर र मालपोत कर तोकिए बमोजिम वार्षिक रुपमा चुक्ता नगरिएमा प्रचलित ऐन, कानुनको अधिनमा रही वार्षिक १० प्रतिशतका दरले जरिवाना गरिनेछ।

ख) स्थानीय सरोकारवालासँग छलफल गरी नगरपालिका भित्रको जग्गाहरुको सिंचित र असिन्चित क्षेत्र निर्धारण गर्न नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गरिएको छ।

हनुमाननगर कंकालिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय हनुमाननगर, सप्तरी मधेश प्रदेश, नेपाल २०७४

बिरेन्द्र माझी
नगर प्रमुख

## अनुसूची ३

### ऐनको दफा (४) सँग सम्बन्धित

### नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने घर बहाल करको दर

यस नगरपालिका क्षेत्र भित्रका घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएकोमा सम्बन्धित धनिबाट १० प्रतिशत बहाल कर लिईनेछ।

## अनुसूची ४

### ऐनको दफा (५) सँग सम्बन्धित

### नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने व्यवसाय करको दर

| सि.नं. | व्यवसायको प्रकार | क श्रेणी | ख श्रेणी | थोक | कैफियत |
|---|---|---|---|---|---|
| १ | किराना पसल | ३००० | १००० | १०००० | |
| २ | पेडा पसल, चिया तथा मिठाई पसल | २५०० | १५०० | | |
| ३ | डिलर तथा थोक बिक्रेता | | | | |
| क | दाल,चामल,खुदी खरिद बिक्रि पसल | १२०० | १००० | | |
| ख | चिउरा भुजा बिक्रि पसल | १२०० | १००० | | |
| ग | पिउने पानी वितरण, कोक पेप्सी डिलर | ३००० | १००० | | होटलमा भए थप १००० दस्तुर लगाईने |
| घ | अचार पाउँ | ५०० | ४०० | | |
| ङ | चियापत्ती बिक्रि शोरूम | ७०० | ६०० | | |
| च | सख्खर (गुड) बिक्रि पसल | ५०० | ४०० | | |
| छ | बिस्कुट तथा चकलेट खुद्रा | ४०० | | | |
| | १. डिलर | १००० | ५०० | | |
| ४. | तेल घिउ, पिठो सुजि चिनी खुद्रा | १००० | | | |
| | डिलर | १००० | | | |
| ५. | साल्ट ट्रेडीङ्ग डिलर | १५०० | | | |
| ६. | कृषि सामग्री संस्थानको डिलर | ३००० | | | |
| ७. | चुरोटको डिलर (प्रति डिलर) | ५००० | | २५०० | |
| ८. | बिडी, चाउचाउ, चिप्स आदिको डिलर | १००० | | ७५० | |
| ९. | काटा राखी खरिद बिक्रि गर्ने गल्ला पसल | २००० | १००० | | |
| १०. | फलफुल पसल | १५०० | १००० | १५०० | |
| ११. | तरकारी पसल | | ५०० | १००० | |

विरेन्द्र मांझी
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| १२. | सुँगुर, राँगाको मासु बिक्रि गर्ने | ३००० | २००० | | |
| १३. | अण्डा पसल | ६०० | ४०० | | |
| १४ | होटलहरु | | | | |
| | क. रिसोर्ट | ५००० | ३००० | | |
| | ख. रेस्टुरेन्ट एण्ड बार | २५०० | २००० | | |
| | ग. रेस्टुरेन्ट | २००० | १५०० | | |
| १५. | तारे होटल | | | | |
| | क. एक तारे होटल | ३००० | | | |
| | ख. दुई तारे होटल | ४००० | | | |
| | ग. तीन तारे होटल | ५००० | | | |
| | घ. चार तारे होटल | ६००० | | | |
| | ङ. पाँच तारे होटल | ७००० | | | |
| १६. | मदिरा समेत बिक्रि गर्ने होटल | ३००० | २००० | | |
| १७. | मदिरा सहित भोजनालय पसल | ५००० | ३००० | | |
| १८. | साना चिया पसल (चल्ती) ठाउ | | ५०० | | |
| १९. | चिसो हल्का पेय पदार्थ तथा मदिरा पसल | ३००० | १२०० | | |
| २०. | डिलरहरु | | | | |
| | क. हल्का पेय पदार्थ | ७५०० | ५००० | | |
| | ख. मदिरा तर्फ | ७५०० | ५००० | | |
| २१. | थोक बिक्रेता तर्फ | | | | |
| | क. हल्का पेय पदार्थ तर्फ | ८५०० | ७५०० | | |
| | ख. मदिरा तर्फ | ८५०० | ७५०० | | |
| २२ | लजहरु | | | | |
| | क. १५ बेड भन्दा माथि | १०००० | | | |
| | ख. १५ बेड सम्म | ७००० | | | |
| | ग. १० बेड सम्म | ५००० | | | |
| | घ. ७ बेड सम्म | ३५०० | | | |
| २३. | कपडा पसल | ३००० | २००० | ५००० | |
| २४. | रेडिमेड कपडा पसल | २००० | १५०० | ४००० | |
| २५. | भाडा वर्तन पसल | १५०० | १००० | २५०० | |
| २६. | जुत्ता पसल | २००० | १००० | ५००० | |
| २७. | जुत्ता सिलाई पसल | | ३५० | | |
| २८. | पान पसलहरु | ७०० | ५०० | | |
| २९. | शृंगार तथा मनिहारा पसल | १५०० | १००० | | |

नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ३०. | उपहार (गिफ्ट)को समान बेच्ने पसल | १५०० | १००० | ४००० | |
| ३१. | औषधि पसलहरु | | २००० | ७००० | |
| ३२. | होमियो प्याथिक/आयुर्वेद/भेटेनरी | १००० | ७०० | १५०० | |
| ३३. | आँखा क्लिनिक सहित चस्मा पसल | १५०० | १००० | | |
| ३४. | दन्त हस्पिटल | २००० | १००० | | |
| ३५. | स्वास्थ्य सेवाहरु | | | | |
| | क. नर्सिङ्ग होम | १०००० | १०००० | १०००० | |
| | ख. एम.बि.बि.एस. क्लिनिक | १०००० | ७००० | १०००० | |
| | ग. अ.हे.व.,हे.अ., सि.एम.ए, कविराज क्लिनिक सेवा | ४००० | ३००० | ५००० | |
| | घ. एक्सरे क्लिनिक | ४००० | ३००० | ५००० | |
| | ङ. प्रयोगशाला ल्याब | २५०० | २५०० | ५००० | |
| | च. भेटेनरी चिकित्सक | २५०० | २५०० | ५००० | |
| | छ. प्राकृतिक चिकित्सा अक्युपंचर | ५०० | | | |
| ३६. | पुस्तक तथा पत्रिका स्टेसनरी | २००० | १५०० | ३००० | |
| ३७. | फर्निचर पसल तथा शोरूम | | | | |
| | क. स्टिल फर्निचर डिलर सहितको शो रूम | २००० | १८०० | | |
| | ख. स्टिल फर्निचर पसल | २००० | १५०० | | |
| | ग. काठका फर्निचर पसल शोरूम सहित | ३००० | १५०० | | |
| | घ. स्टिल फर्निचर उद्योग | १०००० | ७००० | | |
| | ङ. काठको फर्निचर उद्योग | ८००० | ५००० | | |
| | च. बेतबाँस फर्निचर उद्योग | १००० | ७०० | | |
| ३८. | फोटो स्टुडियो | १५०० | १००० | | |
| ३९. | कलर ल्याब | २५०० | २००० | | |
| ४०. | ड्राई क्लिनर्स, कपडा धुलाई तथा रंगाई | ७०० | ५०० | | |
| ४१. | सुन चांदी पसल | | | | |
| | क. सुन चांदी खरिद बिक्रि थोक सहित गहना बनाउने पसल | १०००० | ७००० | | |
| | ख. सुन चांदी गहना मात्र बनाउने | २००० | १५०० | | |
| ४२. | पशु पंक्षी आहार बिक्रि पसल | ७०० | ५०० | | |
| ४३. | सैलुन तथा ब्युटी पार्लर | १५०० | १००० | | |
| ४४. | केवल नेटवर्क/फाइवर र अन्य नेटवर्क सम्बन्धित | १५००० | १०००० | | |

हनुमाननगर कंकालिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय हनुमाननगर, सप्तरी मधेश प्रदेश, नेपाल २०७३

विरेन्द्र माझी
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ४५. | सिलाई मेसिन बिक्रि पसल | १००० | ८०० | | |
| ४६. | टेलरिंग पसल | १००० | ५०० | | |
| ४७. | डेरी दुध उत्पादन तथा वितरण पसल | १५०० | १००० | | |
| ४८. | कुखुरा पालन<br>१ हजार भन्दा बढी पाल्ने<br>१ हजार भन्दा कम | <br>१५००<br>८०० | | | |
| ४९. | साइन बोर्डबनाउने तथा आर्ट पसल | ५०० | ४०० | | |
| ५०. | इलेक्ट्रोनिक समान बिक्रि तथा पार्ट पुर्जा पसल | ३००० | १८०० | | |
| ५१. | कम्प्युटर. टिभी, फोटोकपी, एम्प्लीफायर डिलर | ३००० | | | |
| ५२. | फोटोकपी, कम्प्युटर, फ्याक्स, पंखा, डेक मर्मत पसल | ५०० | | | |
| ५३. | फोटोकपी, कम्प्युटर प्रिन्ट, टेलिफोन, फ्याक्स, लेमिनेसन पसल | १००० | | | |
| ५४. | निजि नर्सरी | ६०० | ५०० | | |
| ५५. | घडी, रेडियो बिक्रि तथा मर्मत पसल | १२०० | १००० | | |
| ५६. | सिसाका समान बेच्ने ग्लास हाउस | १००० | ८०० | | |
| ५७. | मट्टीतेल, पेट्रोल, डिजेल समेतको पम्प | २५००० | | | |
| ५८. | मट्टीतेल डिलर | ५००० | | | |
| ५९. | हार्डवेयर, सिमेन्ट बिक्रि गर्ने | १०००० | ३५०० | ७५०० | |
| ६०. | बिजुलीका सामग्री बिक्रि पसल | १२०० | १००० | | |
| ६१. | रंग रोगन सम्बन्धि | १५०० | १००० | २००० | |
| ६२. | मोटर पार्ट्स मेसिनरी पसल | २००० | १५०० | | |
| ६३. | साइकल तथा पार्ट्स बिक्रि पसल | १५०० | १२०० | | |
| ६४. | ग्यास बिक्रि गर्ने पसल | १५०० | | २००० | |
| ६५. | डिपार्टमेन्ट स्टोर | १००९० | ५००० | | |
| ६६. | अडियो विडियो क्यासेट बिक्रि तथा भाडा पसल | ५०० | ४०० | | |
| ६७. | ट्राभल एजेन्सी | १००० | ७०० | | |
| ६८. | टायर डिलर | २५०० | | | |
| ६९. | सिनेमा हाल | ५००० | | | |
| ७०. | जादु सर्कस खुल्ला तमासा | २००० | | | प्रतिदिन |
| ७१. | मेला कार्यक्रम प्रति दिन | ५००० | | | प्रतिदिन |
| ७२. | ब्रास बेन्ड पार्टी | १००० | | | |

विरेन्द्र गामी
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ७३. | निर्माण व्यवसायी ठेकेदारी | | | | |
| | क. घ श्रेणी | ५००० | | | |
| ७४ | कन्सल्टेन्सी | १५००० | ३००० | | |
| ७५. | कानुनी सेवा | | | | |
| | क. वरिष्ट अधिवक्ता | ५०० | | | |
| | ख. अधिवक्ता | ४०० | | | |
| | ग. अभिवक्ता | ३५० | | | |
| | घ. अभिकर्ता तथा लेखापढी व्यवसायी | १५० | | | |
| ७६. | निजि वित्तीय संस्थाहरु | | | | |
| | क. आर्थिक कारोबार गर्ने वित्तीय कम्पनि | ३०,००० क वर्ग | २५००० ख वर्ग | २०००० ग वर्ग | १७००० ग वर्ग |
| | ख. सहकारी बैंक तथा सहकारी संस्था | ५००० | | | |
| | ग. बिमा कम्पनी | ५००० | | | |
| | घ. कमिसन एजेन्ट | १५०० | १००० | | |
| | ङ. जग्गा खरिद बिक्रि | ६००० | | | |
| | च. कुरियर सेवा | ५०० | | | |
| | छ. मनि ट्रान्सफर | ५००० | | | |
| ७७. | टेन्ट हाउस | २००० | | | |
| ७८. | निजि विद्यालय शिक्षण संस्था | | | | |
| | क. क्याम्पस स्नातक वा सो भन्दा माथि | २५००० | | | |
| | ख. उच्च मा.वि. | २०००० | | | |
| | ग. मा.वि. | १५००० | | | |
| | घ. नि.मा.वि. | १०००० | | | |
| | ङ. प्रा.वि. | ५००० | | | |
| | च. पुर्व प्रा.वि. | २००० | नोट- पुर्व प्रा.वि.को स्वीकृति लिदा पहिलो पटकलाई सो बापत थप रु.२०००/- लाग्नेछ। | | |
| | छ. व्यावसायिक प्रशिक्षण केन्द्र | ३००० | | | |
| | ज. प्राविधिक शिक्षक संस्था | १०००० | | | |
| ७९. | विज्ञापन एजेन्सी | १०००० | | | |
| ८०. | होम डेलिभरी सर्भिस | ५०० | | | |
| ८१. | टाइपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | १५०० | | | |
| ८२. | भिडिओ गेम | ५०० | | | |
| ८३. | ग्रिल फलामको झ्याल, ढोका वेल्डिंग आदि बनाउने | २००० | | | |

हनुमाननगर कंकालिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमाननगर, सप्तरी
मधेश प्रदेश, नेपाल
२०७३

विरेन्द्र मांझी
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ८४. | बस, ट्रक, मो.सा. ट्याक्टर मर्मत ग्यारेज | ३००० | २००० | | |
| ८५. | टायर रिसोलिंग | १००० | | | |
| ८६. | सवारी साधन रंग रोगन | ८०० | | | |
| ८७. | सवारी साधनको ब्याट्री मर्मत चार्ज गर्ने | ७०० | | | |
| ८८. | सवारी साधनको सिटहुड मर्मत गर्ने | ५०० | | | |
| ८९. | पुरानो टायर बिक्रि तथा हावा भर्ने | ४०० | | | |
| ९०. | रिक्सा साइकलको बादी बनाउने मर्मत गर्ने | ४०० | | | |
| ९१. | सिलाई मेसिन, ग्यास चुल्हो, स्टोभ मर्मत उद्योग | ४०० | ३०० | | |
| ९२. | चाउचाउ उद्योग ठुलो | १०००० | ९००० | | |
| ९३. | बिस्कुट उद्योग | १००० | १००० | | |
| ९४. | प्लाईउड उद्योग | ३००० | २००० | | |
| ९५. | बरफ उद्योग | १००० | १००० | | |
| ९६. | काठ डिपो | ३००० | १००० | | |
| ९७. | स्टेसनरी वा कपि उद्योग | १५०० | १००० | | |
| ९८. | काठ उद्योग स-मिल | ३००० | २००० | | |
| ९९. | छापखाना (प्रिन्टिंग) | २००० | १००० | | |
| १००. | डिस्टिलरी ब्रुअरी उद्योग | १०००० | | | |
| १०१. | हल्का पेय जुस पदार्थ उद्योग | ४००० | २००० | | |
| १०२. | प्लास्टिक उद्योग | ४००० | ३००० | | |
| १०३. | पाउरोटी, केक, पेस्ती डुनोट उद्योग | १५०० | १००० | | |
| १०४. | गलैंचा उद्योग | १५०० | १००० | | |
| १०५. | गार्मेन्ट उद्योग | १५०० | १००० | | |
| १०६. | कुटानी पिसानी मिल | १००० | | | |
| १०७. | च्युरा, मुरही, मिल तथा उद्योग | ५००० | | | |
| १०८. | खाद्य उद्योग | १५००० | १०००० | | |
| १०९. | भुजिया उद्योग | १००० | ६०० | | |
| ११०. | ईट्टा तथा टायल उद्योग(भट्टा) | ५००० | २००० | | |
| १११. | टायल उद्योग (भट्टा) | २००० | १५०० | | |
| ११२. | पशुपंक्षी आहार उद्योग | १५०० | १००० | | |
| ११३. | तामा, पित्तल, आल्मुनियम, फलाम जस्ता उद्योग | २००० | १००० | | |
| ११४. | जुत्ता तथा ब्याग उद्योग | १००० | ७०० | | |
| ११५. | चिया उद्योग प्याकेजिंग | ७०० | ५०० | | |
| ११६. | सिलाई बुनाई उद्योग | १००० | ६०० | | |

विरेन्द्र माझी
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ११७. | स्वेटर बुन्ने उद्योग | १००० | | | |
| ११८. | सुर्ती, खैनी, चुना प्याकेजिंग उद्योग | १५०० | १००० | | |
| ११९. | लोहोरो सिलौटो बनाउने | ५०० | | | |
| १२०. | कवाडी संकलन तथा बिक्रि पसल | २००० | १५०० | | |
| १२१. | एग्रोभेट, कृषि मल, बिउ, औजार, किटनाशक | १५०० | १००० | | |
| १२२. | जुट उद्योग | १०००० | ८००० | | |
| १२३. | च्युरा, मुरही उद्योग | १५००० | १०००० | | |
| १२४. | जुस,सस, आचार उद्योग | ६००० | ४००० | | |
| १२५. | विजुली पोल तथा रिंग, होमपाइप पोल उद्योग | २५००० | ५००० | | |
| १२६. | खैनी उद्योग | १५०० | १००० | | |
| १२७. | चुरोट बिडी उद्योग | १५०० | | | |
| १२८. | चिप्स उद्योग | १००० | ८०० | | |
| १२९. | स्वदेसी रोजगार सेवा | १५०० | १३०० | | |
| १३०. | बैदेशिक रोजगार सेवा | ८००० | ५००० | | |
| १३१. | कुखुरा माछा, हाँस, गाई बाख्रा पालन व्यवसाय | २००० | १००० | ५००० | |
| १३२. | बिक्रि (डिपो) डिलरको बिक्रि कक्ष वा शोरुम | | | | |
| | क. साइकल | ५००० | | | |
| | ख. रिक्सा | १५०० | | | |
| | ग. मो.सा. स्कुटर | १०००० | ५००० | | |
| | घ. टेम्पो र सफा टेम्पो | ५००० | ४००० | | |
| | ङ. बस, ट्रक, कार,जीप,भ्यान, ट्र्याक्टर | १५००० | १२००० | | |
| | च. ब्याट्री साइकल | २५०० | २००० | | |
| १३३. | कफी हाउस | ५०० | ४०० | | |
| १३४. | कपडामा बुट्टा भरी बिक्रि गर्ने बुटिक | ५०० | ४०० | | |
| १३५. | टायल मार्बल विक्रि पसल | ५००० | ३००० | | |
| १३६. | रेडियो प्रशारण एफ.एम. | ३००० | | | |
| १३७. | साइबर क्याफे | ३००० | | | |
| १३८. | शीत भण्डार | ३००० | | | |
| १३९. | मासु कोल्ड स्टोर | १००० | | | |
| १४०. | ढुंगा, गिट्टी, बालुवा, माटो, ईट्टा आदिको सप्लाई/ढुवानी व्यवसाय (थोक एवं खुद्रा) | १०००० | | | |

हनुमाननगर कंकालिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय हनुमाननगर, सप्तरी मधेश प्रदेश, नेपाल

विरेन्द्र [illegible]
नगर प्रमुख

द्रष्टव्य -

१. यसमा नपरेका नयाँ किसिमका पेशा र व्यवसायको प्रकृति हेरी नगरपालिकाबाट रु. १०० देखि रु. ५०००/- सम्म कर निर्धारण गरी लगाउन सकिनेछ।

२. साथै कुनै किसिमबात फरक-फरक दस्तुर भएका तर समान अर्थ बुझिने शिर्षक बाझिन आएमा बढी दस्तुर भएको शिर्षकलाई मान्यता दिई सोहि अनुसार कर लिईनेछ।

३. नगरपालिका क्षेत्रमा व्यवसाय संचालन गर्नेले व्यवसाय सुरु गर्नु भन्दा पुर्व वा बढीमा ३५ दिन भित्र व्यावसायिक प्रमाण पत्र अनिवार्य रुपमा लिनु पर्नेछ। अन्यथा प्रचलित ऐन, कानुन बमोजिम जरिवाना लाग्नेछ।

४. हकवालाको नाममा व्यवसाय प्रमाण पत्र नामसारी गर्दा रु. २००/- दस्तुर लिईनेछ।

५. व्यवसाय प्रमाण पत्रको लागत कट्टा गर्दा चालु आ.व. सम्मको कर चुक्ता गर्नु पर्ने तथा लागत कट्टा बापत रु. २००/- दस्तुर लिईनेछ।

६. प्रत्येक व्यवसायीहरुले प्रत्येक आ.व. को असार मसान्तभित्र व्यावसायिक प्रमाण पत्रको नवीकरण गर्नुपर्ने छ।

## अनुसूची ५
### ऐनको दफा (६) सँग सम्बन्धित
### नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने जडिबुटी जीवजन्तु करको दर

यस नगरपालिका क्षेत्र भित्रका कुनै व्यक्ति वा संस्थाले ऊन खाटो, जडिबुटी, वंकस र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाद, सिङ, प्वाख, छाला जस्ता वस्तुको व्यावसायिक कारोबार गरेबापत वार्षिक रु. ३०००/- का दरले कर लगाईने र असुल गरिनेछ। कवाडी मालको हकमा वार्षिक रु. ५०००/- का दरले कर लगाईनेछ।

## अनुसूची ६
### ऐनको दफा (७) सँग सम्बन्धित
### नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने सवारी साधनको कर

| सि.नं. | सवारीको किसिम | पटके |
|---|---|---|
| १ | भाडाका बस, ट्रक, लहरी, क्रेन, रोलर, डम्फर, बुलडोजर, ग्रेडर, टिपर, पिनगन | २० |
| २ | निजि बस, ट्रक,लहरी, क्रेन, रोलर, डम्फर, बुलडोजर, ग्रेडर आदि | ३० |
| ३ | भाडाका मिनिबस, मिनी ट्रक | २० |
| ४ | भाडा तथा निजीक जीप भ्यान | १५ |
| ५ | भाडा तथा निजि टेम्पो, अटोरिक्सा, मैजीक, माइक्रो भ्यान | १५ |
| ६ | निजि तथा भाडाको कार | १५ |
| ७ | चार पांग्रे गाडीको रु. ५० र सो भन्दा माथि रु. १०० (विदेशी नम्बर प्लेट अनुसार) | |

विरेन्द्र [illegible]
नगर प्रमुख

तपसिलमा उल्लेखित निर्माण सामाग्रीहरुको व्यापार गर्न यस नगरपालिकामा कर तिरी व्यवसाय दर्ता नगरेकाहरुको हकमा मात्र लागु हुने गरी:

| | | |
|---|---|---|
| १. | बालुवा, गिट्टी, ढुंगा प्रति (२०० क्यु.फिट) को पटके पिच्छे | ३० |
| २. | बालुवा, गिट्टी, ढुंगा प्रति बैलगाडी पटके | १० |
| ३. | ईट्टा प्रति हजार | ५० |
| ४. | माटो प्रति ट्रक | ४० |
| ५. | माटो प्रति ट्याक्टर | २० |

नोट - वार्षिक सवारी कर तिरेकाहरुले पटके सवारी कर तिर्नु पर्ने छैन।

सवारी दर्ता तथा वार्षिक सवारी कर

क. कार, जिप - रु. १,०००/-
ख. भाँडाको टेम्पो - रु. ५००/-
ग. ई-रिक्सा - रु. ५००/-
घ. निजी कार, टेम्पो,मिनी बस - रु. ३००/-
ङ. स्कुटर, मोटरसाइकल - रु. २००/-
च. ठेलागाडा, रिक्सा - रु. २५/-

## अनुसूची ७
## ऐनको दफा (८) सँग सम्बन्धित
## नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने विज्ञापन करको दर

विज्ञापन करको दर वार्षिक

१. ग्लो साईनबोर्ड डिपीएस वार्ड प्रति वर्ग फिट - रु. ५०/-
२. वाल र सटर पेन्ट विज्ञापन प्रति वर्ग फिट - रु. ५/-
३. ब्यानर (बढीमा १ महिनासम्मको लागि) प्रतिगोटा - रु. ३००/-
४. अन्यको हकमा - रु. १००/-

## अनुसूची ८
## ऐनको दफा (९) सँग सम्बन्धित
## नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने मनोरन्जन करको दर

१. सिनेमा हल, भिडिओ हल, थिएटर - ५ प्रतिशत
२. व्यावसायिक भिडिओ कर (प्रति भिडिओ वार्षिक) - रु. ५००/-

हनुमाननगर कंकालिनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हनुमाननगर, सप्तरी, मधेश प्रदेश, नेपाल

(हस्ताक्षर)
शैलेन्द्र साफी
नगर प्रमुख

## अनुसूची ९

### ऐनको दफा (१०) संग सम्बन्धित

### नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने बहाल बिटौरी शुल्क

नगरपालिका क्षेत्रमा नगरपालिकाको निर्माण रेखदेख वा सञ्चालन गरेको हाटबजार वा सार्वजनिक स्थल ऐलानी जग्गा वा बाटोको छेउमा अस्थाई पसल थाप्न दिए बापत प्रति वर्ग फिट मासिक रु. 10 देखि रु. 50/- का दरले कर लगाईने र असुल गरिनेछ ।

## अनुसूची १०

### ऐनको दफा (११) सँग सम्बन्धित

### नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने पार्किङ्ग शुल्क

| | |
|---|---|
| क. विदेशी बस ट्रक लरीमा दैनिक | - रु. ७५/- |
| ख. विदेशी साना सवारी साधनमा दैनिक | - रु. ५०/- |
| ग. भाडाका ट्याक्सी टेम्पो कार जिप भ्यानमा दैनिक | - रु. २५/- |
| घ. निजि कार, जिप, टेम्पो भ्यानमा दैनिक | - रु. १०/- |
| ङ. भाडा तथा निजि ट्याक्टर मिनिबस मिनी ट्रकमा दैनिक | - रु. १५/- |

## अनुसूची ११

### ऐनको दफा (१२) सँग सम्बन्धित

### नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सेवा शुल्क दस्तुर

१. घर नक्सा पास दस्तुर:

| | |
|---|---|
| क. पिलिन्थ एरिया १००० वर्गफिट सम्मको नक्सा पास गर्दा प्रति वर्गफिट | - रु. ३/०० |
| ख. पिलिन्थ एरिया १००१ देखी २००० वर्गफिट सम्मको नक्सा पास गर्दा प्रति वर्गफिट- | रु. ४/०० |
| ग. पिलिन्थ एरिया २००१ देखी ४००० वर्गफिट सम्मको नक्सा पास गर्दा प्रति वर्गफिट | - रु. ५/०० |
| घ. पिलिन्थ एरिया ४००१ बर्गफिट भन्दा माथि सम्मको नक्सा पास गर्दा प्रति वर्ग फिट - | रु. ६/०० |

२. अभिलेखिकरण दस्तुर

| | |
|---|---|
| क. वि.स. २०७१ साल भन्दा अगाडी बनेको घरको हकमा प्रति बर्गफिट | - रु. ४/०० |
| ख. वि.स. २०७१ साल भन्दा अगाडी बनेको टिनको छाना भएको घरको हकमा प्रति बर्गफिट | - रु. ३/०० |

ग. वि.स. २०७१ साल भन्दा पछाडी नक्शा पास नगराए बनेको भवनलाई अभिलेखीकरण गर्दा अन्तिम पटकको लागी मात्र जरिबाना स्वरुप १५/०० बर्गफिट बढी लिने ।

| | |
|---|---|
| घ. पर्खाल प्रति रनिङ्ग फिट | - रु. ४/०० |
| ङ. घर नक्सा निरीक्षण तथा सर्जमिन दस्तुर | - रु. ५००/०० |

हनुमाननगर कंकालिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय हनुमाननगर, सप्तरी मधेश प्रदेश, नेपाल २०७३

(हस्ताक्षर)

थिरेन्द्र माझी
नगर प्रमुख

च. प्रमाण पत्र दस्तुर - रु. १०००/००

छ. जग्गा नाप जांच दस्तुर - रु. ३/०० बर्ग मिटर

ज. काठ वा फुसको घर - रु. ५००/००

नोटः न.पा को इजाजत बेगर घर निर्माण गरेको हकमा दोब्बर जरिबाना गरिने छ।

२) विभिन्न प्रमाणित तथा सिफारिस दस्तुर

| सि.नं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | मोही नामसारी सिफारिस | २०० | एक कट्ठाभन्दा माथि भए प्रति कट्ठा थप रु. २५ लाग्नेछ। |
| २ | नागरिकता प्रमाणपत्र तथा प्रतिलिपि सिफारिस | २०० | |
| ३ | सर्जमिन गरी गरिने नागरिकता सिफारिस | २५० | |
| ४ | अंगिकृत नागरिकताको सिफारिस | २०० | |
| ५ | जग्गा नामसारी सिफारिस | २५० | एक कट्ठाभन्दा माथि भए प्रति कट्ठा थप रु. २५ लाग्नेछ। |
| ६ | नाता प्रमाणित दस्तुर | २०० | |
| ७ | चरित्र प्रमाणित सिफारिस | १०० | |
| ८ | नाम उमेर ठेगाना आदि सच्याउने सिफारिस | १०० | |
| ९ | बसोबास प्रमाणित | २०० | |
| १० | घर प्रमाणित पक्कि घरको | ३०० | |
| ११ | कच्ची घरको घर प्रमाणित | २०० | |
| १२ | विवाह प्रमाणित | १५० | |
| १३ | टेलिफोन जडान सिफारिस | १०० | |
| १४ | विद्युत जडान सिफारिस | १०० | |
| १५ | संस्था दर्ता सिफारिस | ५०० | |
| १६ | सिनेमा हल खोल्न स्वीकृत | १०००० | |
| १७ | मोही लगत कट्टाको सिफारिस | २०० | एक कट्ठामाथि प्रति कट्ठा थप रु. ५०/- |
| १८ | सहुलियत काठको सिफारिस | २०० | |
| १९ | नम्बरी जग्गाको रुख काट्ने प्रति गोटा सिफारिस | १०० | |
| २० | घर सारी पाउँ भन्ने सिफारिस | ५०० | |
| २१ | पेन्सन पट्टाको सिफारिस | १०० | अन्य देशको रु. ३००/- |
| २२ | सर्जमिन गरी जुनसुकै सिफारिस | ५०० | |
| २३ | अपुतालीको सिफारिस | २५० | |
| २४ | नेपालीको लागि | १००० | |
| २५ | विदेशीको लागि | २००० | |

विरेन्द्र मांझी
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| २६ | चार किल्ला प्रमाणित | २०० | जोडिएको कित्ता बाहेक थप प्रति कित्तामा रु. १००/- दस्तुर लाग्नेछ। |
| २७ | जग्गा मुल्यांकन घर समेत सिफारिस | | |
| | क. रु.५० हजारसम्मको | १०० | |
| | ख. रु. ५० हजारदेखि १ लाख सम्मलाई | ३०० | सो भन्दा थप भए प्रति एक लाखमा रु १००/- थप |
| २८ | मेला सर्कस अनुमति सिफारिस | ९००० | |
| २९ | स्टल राखी संचालन गरिने सिफारिस | १०००० | |
| ३० | घरेलु उद्योग (सर्जमिन सिफारिस सहित) | १००० | |
| ३१ | कारखाना (सर्जमिन सिफारिस सहित) | १००० | |
| ३२ | खानेपानी जडान सिफारिस | १०० | |
| ३३ | उद्योग व्यवसाय बन्द गर्ने सिफारिस | १०० | |
| ३४ | हैसियत प्रमाणित/सम्पति मुल्यांकन सेवा शुल्क | रु. १/- प्रति हजार | |
| ३५ | अन्य सिफारिस | १०० | |
| ३६ | उद्योग दर्ता सिफारिस | १००० | |
| ३७ | निजि विद्यालयदर्ता सिफारिस | | |
| | क. प्रा.वि. | १००० | |
| | ख. नि.मा.वि | १५०० | |
| | ग. मा.वि. | २५०० | |
| | घ. उच्च मा.वि. | ३५०० | |
| | ङ. क्याम्पस | ५००० | |
| | च. विद्यालय स्तरवृद्धि गर्दा कक्षा मात्र थप सिफारिस | १००० | |
| | छ. प्राविधिक शिक्षण संस्था सिफारिस | ३००० | |
| | ज. पुर्व प्रा.वि. को स्वीकृति दस्तुर | २००० | |
| ३८ | मालपोत कार्यलयको लागि गरिने सिफारिस (माथि कुनै पनि शिर्षकमा नपरेकाको लागि) | २०० | |
| ३९ | जग्गा धनि पुर्जा प्रमाणपत्रको लागि सिफारिस | १०० | |
| ४० | घर बाटो कायमको सिफारिस | २५० | |
| ४१ | निर्माण सामग्री डिलरसिप सिफारिस | १००० | |
| ४२ | उद्योग ठाउसारी सिफारिस | ६०० | |
| ४३ | डिलरसिप सिफारिस | २००० | |
| ४४ | जुनसुकै नक्कल दस्तुर | १०० | |
| ४५ | मिलापत्र दस्तुर | ३०० | |

हनुमाननगर कंकालिनी नगरपालिका

हनुमाननगर कंकालिनी नगर कार्यपालिकाको कार्यालय
हनुमाननगर, सप्तरी
मधेश प्रदेश, नेपाल

विरेन्द्र मांझी
नगर प्रमुख

| ४६ | पान नं./भ्याट नं. को सिफारिस | २५० | |
|---|---|---|---|

नोट - यसमा नपरेका अन्य प्रकृतिका सिफारिसको दस्तुर रु. २००/- लिईनेछ र सर्जमिन गर्नु परेमा थप शुल्क रु. ३००/- लाग्नेछ ।

आगलागी, हात्तीआतंक वा प्रकृति प्रकोपको सिफारिसमा लाग्ने सिफारिस दस्तुर छुट दिईनेछ ।

सिकिस्त बिरामीको लागि गरिने सिफारिसमा लाग्ने सिफारिस दस्तुर छुट दिईनेछ ।

व्यक्तिगत घटना दर्ताको हकमा संघिय सरकारले तेको बमोजीम हुनेछ ।

### ३) नक्कल दस्तुर

नगरपालिकाबाट नक्कल प्रमाणित गर्दा देहाय मबोजिमको नक्कल दस्तुर लिईनेछ ।

क. नक्सा पास सम्बन्धि प्रमाणपत्रको प्रतिलिपि - रु. ५००/-

ख. घरको नक्साको प्रतिलिपि - रु. १०००/-

ग. व्यवसाय प्रमाणपत्रको प्रतिलिपि - रु. ५००/-

घ. अन्य प्रमाणका प्रतिलिपि - रु. २५०/-

ङ. प्रमाणपत्र बाहेक अन्य कागजको प्रति पाना - रु. १०/-

४) नगरपालिकाको सटर भाडा वा सो सरह अन्य प्रकृतिको घर वा जग्गा भए

क. पक्कि सटर प्रति वर्ग फिट - रु. २०/-

ख. टीनको छानो भएको सटर वा घर प्रति वर्ग फिट व्यवसायीको लागि - रु. १५/-

ग. टिनको छानो भएको घर प्रति घर - रु. १०००/-

घ. जग्गा वा फिल्ड - आपसी सम्झौता अनुसार]

### कान्जी हाउस दस्तुर

नगरपालिकाको कान्जी हाउसमा दाखिला हुन आउने पशुहरुको कान्जी हाउस समातेर ल्याएको प्रत्येक दिनको रु. २५०/- दस्तुर लिईनेछ । छाडा पशुहरु पक्राउ गरी कान्जी हाउसमा दाखिला गर्ने व्यक्ति वा कार्यालयका कर्मचारी वा प्रहरीलाई पहिलो दिन लाग्ने रकमको ५० प्रतिशत पुरुस्कार दिईनेछ ।

हटिया तथा गुद्री बट्टी निम्न दरहरु कायम गरिएको छ ।

| विवरण | दर | विवरण | दर |
|---|---|---|---|
| क श्रेणीको चुरा चामल चट्टीदार पसल | १५ | ख श्रेणीको चुरा चामल चट्टीदार पसल | १० |
| ग श्रेणीको चामल चट्टीदार पसल | ८ | नुन मात्र बेच्ने पसल | १० |
| सिलाई मेसिन प्रति पसल प्रति मेसिन | १० | सावे डोरी बेच्ने पसल | १० |
| चुना मथबोझि हाडी. छाछीमा | ५ | दाउरा बयलगाडीमा | २५ |
| दाउरा थोक राख बेच्ने पसल | २५ | दाउरा भार एकमा | १० |
| जलपान चमेना पसल एकमा | १५ | खर एक बोझा | ५ |
| जलपान चमेना पसल ढाकीमा | १० | पिठो मात्र पसल | १० |

विरेन्द्र मगर
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| पान ढोली थोक बिक्रि गर्ने पसल | १५ | सखर गुड बेच्ने पसल | १० |
| दहि भारवाला पसलमा | ७ | दवाई जडिबुटी बेच्ने | २० |
| खुर्पी, हसिया, चक्कु आदि फलामे पसल | ५० | खुर्पी, हसिया मात्र बेच्नेलाई | १० |
| झाडु, कुचो, खररा प्रति पसल | १० | खैनी सुर्ती, पिनी, कंकड़ प्रति पसल | १० |
| पटेर परालको गुन्द्री प्रति गोटा | ५ | पटेर, परालको पटिया थोक | २० |
| नाङ्गलो सुप प्रति पसल | १० | खेलौना पसल | १० |
| पेड, पौधाको बिरुवा बेच्ने प्रति पसल | २० | घ्यु टिना पसलमा | १५ |
| फाटा कम्पनीको कपडा बेच्ने | २५ | घ्यु खुद्र बेच्ने | १० |
| कपडा मिश्रित रेडिमेट पसल | २५ | कम्बल, राडी पसल | १० |
| सब्जी बैल गाडी पसल | २५ | सब्जी चट्टीदार पसल छाना छाप्रोमा | २५ |
| बिज बिजन बेच्ने प्रति पसल | १५ | मट्टीतेल, खाने तेल खुद्र बेच्ने पसल | १० |
| आलु बोरा प्रति पसल | २५ | आलु सानो ढाकीमा बेच्ने | ५ |
| किराना समान बेच्ने छानाछाप्रो भुइँ समेतमा | १५ | मसला पसल | १० |
| मनिहारी, लटकेना पसल | २५ | माटोको भाडा माथबोझि पसल | १० |
| चुडी लहठी समेतको पसल | १५ | बिस्कुट, चकलेट, आइसक्रिम पसल | १० |
| तेजपात प्रति भार | १५ | काको, रही, बेल्वा, चाक्ला आदि बेच्ने | १० |
| सनपाटको डोरी, सिक बेच्ने पसल | १० | टोकरी ढाकी छिटा बेच्ने पसल | १० |
| अत्तर, तेल, दवाई, साबुन आदि पसल | १० | आल्मुनियम, टिना, पित्तल, द्रव्यको भाडा | २५ |
| पुस्तक बेच्ने पसल | १० | दाढि कपाल काट्ने हजम प्रति हजाम | १० |
| चटक खेल तमासा प्रति जमात | २० | छाता मर्मत गर्ने पसल | ५ |
| टर्च, ताला, आदि मर्मत गर्ने | ५ | जुत्ता मर्मत गर्ने पसल | ५ |
| सुकेको खुर्सानी प्रति बोरा भारमा | १० | पिठो मात्र बेच्ने | ५ |
| सुन्तला, कटहर,केरा,जामुन,नासपाती,आँप | | माछा मासु समेतको पसलमा | २५ |
| क. गाडी एकमा बेच्ने | २५ | सबै किसिमको माछा ठुलो | २० |
| ख. बोरा एकमा बेच्ने | १० | माछा सानो सबै किसिमको | २५ |
| ग. भार एकमा बेच्ने | १० | खसी बोका पसल | ३० |
| घ. डोको एकमा बेच्ने | १० | राँगाको | १० |
| ङ. ढाकि एकमा बेच्ने | ५ | हाँस, कुखुरा प्रति गोटा हिसाबले बेच्ने अन्डा | १० |

नोट - मालबाहक हलुका तथा हेभी सवारी साधन हटिया भित्र पस्न मनाही गरिएको छ। अन्यथा हटिया बट्टी शुल्क जरिवाना बापत रु. ३००/- लाग्नेछ।

माथि उल्लेखित दरमा नघट्ने गरी नगरपालिकाले माथि उल्लेख भए बमोजिमको घर टहरा सटर र जग्गा खुल्ला प्रतिस्पर्धा गराई अधिकतम कबोल अंकको आधारमा समेत भाडामा लगाउन सक्नेछ।

सरसफाई शुल्क - नगर क्षेत्रको सरसफाईको लागि सरसफाई तथा फोहोरमैला व्यवस्थापन ऐन तथा प्रचलित ऐन, कानुन बमोजिम सरसफाई शुल्क निर्धारण गर्ने नगरपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

बिरेन्द्र थापा
नगर प्रमुख

# आय श्रोत अनुमानको संक्षिप्त विवरण

| क्र.स. | शिर्षक | विवरण | प्रक्षेपित राजश्व |
|---|---|---|---|
| १ | कर | साप्ताहिक हाट बजार कर | १०० |
| | | व्यवसाय कर | ८०० |
| | | वार्षिक सवारी कर | २५० |
| | | पटके सवारी कर | १५० |
| | | मनोरंजन कर | ५० |
| | | बहाल कर | ८०० |
| | | विज्ञापन कर | १५० |
| | | **कर तर्फको जम्मा** | **२३००** |
| २ | सेवा शुल्क | पार्किंग सेवा शुल्क | २२० |
| | | आयश्रोत मुल्याँकन सेवा शुल्क | ३०० |
| | | पार्क उधान प्रवेश सेवा शुल्क | ३० |
| | | अन्य विविध सेंवा शुल्क | ६०० |
| | | अचल सम्पति मुल्याँकन सेवा शुल्क | ५०० |
| | | **सेवा शुल्क तर्फको जम्मा** | **१६५०** |
| ३ | दस्तुर | घर नक्सा पास दस्तुर | १००० |
| | | घर नक्सा नामसारी दस्तुर | ६०० |
| | | घर निर्माण तथा रेखांकन दस्तुर | ५०० |
| | | नक्कल दस्तुर | ५०० |
| | | नाता प्रमाणित दस्तुर | ३०० |
| | | घरबाटो प्रमाणित दस्तुर | ५०० |
| | | अन्य सिफारिस एव बक्सौनी दस्तुर | १८०० |
| | | **दस्तुर तर्फको जम्मा** | **५२००** |
| ४ | दण्ड जरिवाना | घर नक्सा पास सम्बन्धि दण्ड जरिवाना | ५५० |
| | | छाडा चौपाया नियन्त्रण जरिवाना | १०० |
| | | पंजिकरण सम्बन्धि दण्ड जरिवाना | ६०० |
| | | अन्य दण्ड जरिवाना | ८०० |
| | | **दण्ड जरिवाना तर्फको जम्मा** | **२०५०** |
| ५ | अन्य विविध | **अन्य विविध / मालपोत रजिष्ट्रेशन** | **४८००** |
| | | **कुल जम्मा** | **१६०००** |

हनुमाननगर कङ्कालिनी नगर कार्यपालिकाको कार्यालय हनुमाननगर, मधेश प्रदेश, नेपाल

[illegible]
नगर प्रमुख